संघीय संसद

प्रतिनिधि सभा

# उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति

मिति: २०८०/०५/११, बैठक संख्या: ०८

**छलफल/निर्णय**

१. संघीय संसद, प्रतिनिधि सभा अन्तर्गतका विषयगत् समितिका सभापति पदको लागि मिति २०८० भदौ ७ गते प्रकाशित निर्वाचन कार्यक्रम बमोजिम समितिको आज बसेको बैठकमा भदौ १० गते समितिका उम्मेदवारको मनोनयन दर्ता समयभित्र माननीय श्री रमा कोइराला पौड्याल प्रस्तावक र माननीय श्री सपना राजभण्डारी समर्थक रहनु भई माननीय श्री अब्दुल खांनलाई र माननीय श्री डोल प्रसाद अर्याल प्रस्तावक र माननीय श्री अशिम शाह समर्थक भई माननीय श्री गणेश पराजुलीलाई सभापति पदमा निर्वाचित गरियोस् भन्ने दुई वटा प्रस्तावहरूको सूचना प्राप्त भएको,

प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १७६ अनुसार उपरोक्त प्रस्तावहरुलाई प्रकृयागत रुपमा छलफल गर्ने क्रममा दर्ताक्रम अनुसार पहिलो प्रस्तावका प्रस्ताव माननीय श्री रमा कोइराला पौड्याललले आफ्नो प्रस्ताव प्रस्तुत गर्नु भयो र उक्त प्रस्तावमाथि माननीय श्री सपना राजभण्डारीले उक्त प्रस्तावको समर्थन गर्नु भयो। त्यस पछि उक्त प्रस्तावका उम्मेदवार माननीय श्री अब्दुल खांनले सत्ता गठबन्धमा रकेका दलहरु, नेकपा एमाले, राप्रपा सहितको समर्थनमा मेरो उम्मेदवारी रहेकोले सबैको सहयोग र राय परामर्शमा जिम्मेवारी पुरा गर्ने छु भन्दै अर्का उम्मेदवारलाई प्रस्ताव फिर्ता गर्न अनुरोध गर्नु भयो।

तत्पश्चात, दोस्रो प्रस्तावका प्रस्तावक माननीय श्री डोलप्रसाद अर्याललाई आफ्नो प्रस्ताव पेश गर्न समय दिदाँ उहाँले प्रस्ताव पेश गर्नु अगाडि आफ्ना उम्मेदवारले समिति समक्ष केहि भनाई राख्न अनुमति दिइयोस् भन्नु भएकोले प्रस्तावका उम्मेदवार माननीय श्री गणेश पराजुलीले आफ्ना भनाई राख्नुहुदै आफ्नो उम्मेदवारी स्वस्छ प्रजातान्त्रिक अभ्यासका लागि मात्र भएको र अर्का प्रतिस्पर्धी उम्मेदवार मधेशी, अल्पसंख्यक समुदायको प्रतिनिधित्व गर्ने भएकोले आफ्नो उम्मेदवारी फिर्ता लिने निर्णयमा पुगेको बताउनु भयो। त्यसपछि माननीय श्री डोलप्रसाद अर्याललले सभापति निर्वाचन कार्यक्रम अनुसार २०८० भदौ १० गते माननीय श्री गणेश पराजुलीलाई सभापति पदमा निर्वाचित गरियोस भन्ने मनोनयन दर्ताको सूचना फिर्ता लिएको जानकारी गराउनु भएपछि यस समितिका "माननीय सदस्य श्री अब्दुल खांनलाई उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको सभापति पदमा निर्वाचित गरियोस्" भन्ने एक मात्र प्रस्ताव कायम भएको हुदाँ प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १७६ को उपनियम (४) बमोजिम माननीय सदस्य श्री अब्दुल खांन उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको सभापति पदमा निर्विरोध निर्वाचित भएको घोषणा माननीय सभापतिले गर्नु भयो।

२. समितिको अर्को बैठक पछि सूचना गर्नेगरी आजको बैठक स्थगित गरियो।